**आकाशवाणी समाचार- नेपाली**

मितिः १० नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले महाराष्ट्रको मराठवाड़ा क्षेत्रको विकासका लागि महायुति सरकारले अथक प्रयास गरेको बताउनु भएको छ ।

२. महाराष्ट्र तथा झारखण्डमा पहिलो चरणको विधानसभा चुनावको प्रचार तीव्र गतिमा, राष्ट्रिय जनतांत्रिक र इंडिया गठबन्धनका मुख्य प्रचारकहरूले मतदातालाई रिझाउन व्यस्त।

३. भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज महाराष्ट्र विधानसभा चुनावका लागि पार्टीको घोषणापत्र सार्वजनिक गर्नु हुनेछ।

४. क्यानडाले भारतीय विद्यार्थीका लागि एक महत्वपूर्ण दूरगामी प्रभाव भएको आफ्नो स्टुडेन्ट डाइरेक्ट स्ट्रिम–एसडीएस भिसा कार्यक्रम बन्द गर्ने घोषणा गरेको छ ।

५. भारतका पंकज आडवाणीले दोहामा विश्व बिलियर्ड्स च्याम्पियनसिपको उपाधि जितेका छन् ।

**प्रधानमंत्री**

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले महाराष्ट्रको मराठवाड़ा क्षेत्रको विकासका लागि महायुति सरकारले अथक प्रयास गरेको बताउनु भएको छ । नान्देडमा एक जनसभालाई सम्बोधन गर्दै श्री मोदीले विगत अडाई वर्षमा मराठवाड़ा क्षेत्रमा ८० हजार करोडभन्दा अधिक लगानी गरिएको बताउनु भयो।

****** ० ******

**चुनाव-तयार**

चुनावको तयारीका बीच विभिन्न राजनीतिक दलका नेताहरु पनि महाराष्ट्रमा चुनावी प्रचारमा व्यस्त छन् ।

****** ० ******

**झारखंड - प्रचार**

झारखण्डमा पहिलो चरणको विधानसभा चुनावको प्रचार तीव्र गतिमा चलीरहेको छ । राष्ट्रिय जनतांत्रिक र इंडिया गठबन्धनका मुख्य प्रचारकहरूले मतदातालाई रिझाउन कुनै कसर बाँकी राखेका छैनन् । यसैबीच भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीको आज झारखण्डमा दुई वटा र्यालीलाई सम्बोधन गर्नुका साथै रोड शोमा भाग लिने कार्यक्रम रहेको छ ।

****** ० ******

**भाजपा घोषणापत्र**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज महाराष्ट्र विधानसभा चुनावका लागि पार्टीको घोषणापत्र सार्वजनिक गर्नु हुनेछ। यसका साथै वहाले उत्तर महाराष्ट्र र विदर्भ क्षेत्रका जलगांव, बुलदाना र अमरावतीमा तीन वटा र्यालीलाई पनि सम्बोधन गर्नुहुनेछ।

****** ० ******

**अघाडी-घोषणा पत्र**

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गेले आज मुम्बईमा महाराष्ट्र विधानसभा चुनावका लागि महा विकास अघाडीको घोषणापत्र जारी गर्नुहुनेछ। कार्यक्रममा अखिल भारतीय कांग्रेस कमिटीका महासचिव केसी वेणुगोपाल, पार्टी महाराष्ट्र प्रभारी रमेश चेन्निथला, महाराष्ट्र प्रदेश कांग्रेस कमेटी अध्यक्ष नाना पटोले, विधायक दलको नेता बालासाहेब थोराट, एनसीपी-शरद पवार गुटका प्रदेश अध्यक्ष जयंत पाटिल, मुंबई कांग्रेस अध्यक्ष वर्षा गायकवाड़, शिवसेना-उद्धव बालासाहेब ठाकरे गुटका सांसद संजय राउत उपथित रहनेछन। यो घोषणापत्र पूर्व मुख्यमन्त्री पृथ्वीराज चव्हाण, पूर्व सांसद एवं योजना आयोगका पूर्व सदस्य भालचन्द्र मुंगेकर र एनसीपी शरद पवार गुटकी सांसद वन्दना चव्हाण रहेको समितिले तयार पारेको हो।

****** ० ******

**भारतीय सड़क कांग्रेस**

-
भारतीय सड़क कांग्रेसको 83औँ वार्षिक अधिवेशनमा सड़क निर्माणसित सम्बन्धित विभिन्न विषयहरुमा चर्चा जारी छ।यो अधिवेशन छत्तीसगढ़को राजधानी रायपुरमा भइरहेको छ।4 दिनसम्म हुने अधिवेशनमा लगभग 2 हजार विशेषज्ञ, इंजीनियर र वैज्ञानिकहरुले भाग लिइरहेका छन्।यो अधिवेशन भोलि समापन हुनेछ|

****** ० ******

**धान खरीद**

देशमा ठूलो मात्रामा खरीफ बालीको खरीद सुचारू रूपमा भइरहेको छ। सरकारले चालु आर्थिक वर्षमा शुक्रबारसम्म एक लाख २० हजार मेट्रिक टन भन्दा अधिक धान खरिद गरेको छ। पञ्जाबमा धान खरिदबाट ६ लाख ५८ हजार किसान लाभान्वित भएका छन्। उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले 'ए' ग्रेडको धानलाई निश्चित न्यूनतम समर्थन मूल्य दिइने जानकारी दिएको छ जो प्रतिक्विन्टल दुई हजार ३२० रुपैयाँमा खरिद भइरहेको छ। केन्द्र सरकारले चालू खरीफ सिजनका लागि १८५ लाख मेट्रिक टन धान खरिद गर्ने लक्ष्य राखेको छ।

****** ० ******

**सीतारामन**

केन्द्रीय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले सार्वजनिक क्षेत्रका बैंकहरूले यस आर्थिक वर्षमा सूक्ष्म, साना र मझौला उद्यमहरूलाई ऋण प्रदान गर्ने लक्ष्य पांच दशमलव सात-पांच लाख करोड रहेको बताउनु भएको छ। बेंगलुरुमा सिडबीको राष्ट्रिय एमएसएमई क्लस्टर आउटरीच कार्यक्रमलाई सम्बोधन गर्दै उक्त कुरा बताउनु भयो भने सार्वजनिक क्षेत्रका बैंकहरूले साना उद्योगलाई दिने कर्जा ९.२ प्रतिशतको दरले वृद्धि भइरहेको बताउनु भयो। यसका साथै उहाँले साना उद्योगलाई १०० करोड रुपैयाँको सावधि ऋणका लागि नयाँ क्रेडिट ग्यारेन्टी योजनाको प्रस्ताव चाँडै नै मन्त्रिपरिषद्मा पेश गरिने बताउनु भयो।

****** ० ******

**मुरुगन-संवाद**

केन्द्रीय सूचना तथा प्रसारण राज्यमन्त्री, संसदीय मामिला, डा. एल मुरुगनले विशेष गरी चलचित्र निर्माण, डिजिटल सामग्री निर्माण र मिडिया प्रौद्योगिकीमा लगानीलाई समर्थन गर्ने पहलहरू मार्फत उद्योगलाई बढावा दिने सरकारको प्रयासमा जोड दिनुभएको छ भने देशको सांस्कृतिक महत्वलाई विश्वसामु चिनाउन आवश्यक रहेको बताउनु भयो।यसका साथै भारतको ५५औं अन्तर्राष्ट्रिय फिल्म महोत्सव, फिल्म बजार २०२४ र विश्व ऑडियो विजुअल तथा मनोरञ्जन शिखर सम्मेलन आगामी बर्षको फेब्रुअरी ५ देखि ९ सम्म नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने समेत उल्लेख गर्नुभयो।

****** ० ******

**मुठभेड़**

जम्मु काश्मिरको बारामूला जिल्लाको सोपोरमा सुरक्षा बलसँगको मुठभेडमा एक आतंकवादी मारिएका छन् भने त्यहाँ दुईदेखि तीन जना आतंकवादी अझै लुकेर बसेका छन्। सोपोरको रामपोरा क्षेत्रमा हिजो साँझ सुरक्षा बल र लडाकूबीच भीषण गोली हानाहान भएको अधिकारीहरुले बताएका छन्। आतङ्कवादीहरूको उपस्थितिको बारेमा विशेष सूचनाको आधारमा सेना, सीआरपीएफ र पुलिसले संयुक्त आतंकवाद विरोधी अभियान चलाएका थिए। घेराबन्दी र सघन खोजी सुरु हुनासाथ आतङ्ककारीहरूले सुरक्षा बलहरूमाथि गोली चलाउन थाले, जसले मुठभेड सुरु भयो भने यस कारबाहीमा एक आतङ्ककारी मारिएका छन्। एक अधिकारीका अनुसार दुईदेखि तीन जना आतंकवादीहरू घेराबन्दीभित्र फसेको बताइएको छ।

****** ० ******

**सेना प्रमुख कठुआ**

सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले शनिबार कठुआ जिल्लाको सुरक्षा अवस्थाको समीक्षा गर्नुभयो। आकाशवाणी जम्मु संवाददाताका अनुसार पञ्जाब र हिमाञ्चल प्रदेशको सिमानामा पर्ने कठुआमा सेना प्रमुखको यो भ्रमण जम्मु क्षेत्रमा आतङ्कवाद विरोधी अभियानका बीच भएको हो जहाँ दुई गाउँका गार्डहरूलाई आतङ्ककारीहरूले अपहरण गरी गोली हानेर मारेका थिए। पछिल्लो आक्रमण बिहीबार किश्तवाड जिल्लामा भएको थियो। भ्रमणको क्रममा सेना प्रमुख द्विवेदीले कठुआमा तैनाथ राइजिङ स्टार कोरको अग्रिम युनिटहरूको भ्रमण गर्नूको साथै वर्तमान सुरक्षा स्थितिको बारेमा जानकारी लिनुभयो।

**कनाडा-एसडीएस वीज़ा**

क्यानडाले भारतीय विद्यार्थीका लागि एक महत्वपूर्ण दूरगामी प्रभाव भएको आफ्नो स्टुडेन्ट डाइरेक्ट स्ट्रिम–एसडीएस भिसा कार्यक्रम बन्द गर्ने घोषणा गरेको छ। एसडीएस अध्ययनको लागि अनुमति चाहने अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि एक प्रमुख मार्ग हो। देशमा जारी आवास र स्रोतको अभावलाई सम्बोधन गर्ने प्रयासको एक भागको रूपमा यो निर्णय आएको विश्वास गरिएको छ। आप्रवासन, शरणार्थी र नागरिकता क्यानडाले सन् २०१८ मा एसडीएस कार्यक्रम सुरु गरेको थियो। यो १४ देशका विद्यार्थीहरूको लागि अध्ययन अनुमति आवेदनहरू छिटो ट्र्याक गर्न डिजाइन गरिएको थियो। ती देशहरूमा ब्राजिल, चीन, कोलम्बिया, कोस्टारिका, भारत, मोरक्को, पाकिस्तान, पेरु, फिलिपिन्स र भियतनाम छन्।

****** ० ******

**इजराइल-हमास मध्यस्थता**

पश्चिम एसियामा जारी संघर्षका बीच कतारले इजरायल र हमासबीचको मध्यस्थकर्ताको भूमिकाबाट पछि हट्ने घोषणा गरेको छ। यसलाई पश्चिम एसियामा शान्ति बहालीका लागि ठूलो धक्काको रूपमा व्याख्या गरिएको छ। कतारले दुवै पक्षले पूर्ण विश्वासका साथ वार्ता नगरेको बताएको छ। प्यालेस्टिनी समूहले गाजामा जारी संघर्ष अन्त्यका लागि नयाँ प्रस्ताव अस्वीकार गरेको समाचार आइरहेका बेला यो निर्णय आएको हो। स्रोतका अनुसार उच्च अमेरिकी अधिकारीहरूले अब कतारमा हमासका प्रतिनिधिहरूको उपस्थिति स्वीकार गर्ने छैनन्।

****** ० ******

**पंकज आडवाणी**

भारतका पंकज आडवाणीले दोहामा २८ औं पटक विश्व बिलियर्ड्स च्याम्पियनसिपको उपाधि जितेका छन्। फाइनलमा पंकजले इंग्ल्यान्डका रोबर्ट हललाई ४–२ ले पराजित गरे।

****** ० ******

**काठमांडू-वैदिक और आधुनिक विज्ञान सम्मेलन**

नेपालको काठमांडू स्थित भृकुटीमण्डपमा जारी दोस्रो वैदिक तथा आधुनिक विज्ञान सम्मेलनमा हजारौँ स्थानीयको सहभागिता रहेका छन। तीन दिवसीय सम्मेलन 7 नवंबरबाट शुरू भएको थियो भने आधुनिक विज्ञान र प्राचीन वैदिक ज्ञानको प्रदर्शन गर्ने यस सम्मेलनमा विभिन्न देशका ७० जना विज्ञ तथा प्रतिनिधिको सहभागिता रहेको छ।

****** ० ******